bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक




हाम्रो सेवा डुम्रे र आँबुखैरेनीमा

खड्गमाई मोटर्स

प्रो. क्रमश श्रेष्ठ
९८४३३५३९१६
डुम्रे, तनहुँ । फोन : ०६५-६९०२९५
आँबुखैरेनी, तनहुँ । फोन : ०६५-५४००४५

वर्ष ३९ अंक २५५ | २०७७ माघ २५ गते आइतबार, नेपाल सम्वत् ११४१ February 07, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## सरकारले संसद विघटन गरेको विरूद्ध विरोध कार्यक्रम

# आफु अनुकुलको अख्तियार बनाउने होड्का कारण मुलुकलाई संकटमा फसाइयो : नेता पौडेल

♦भञ्ज्याङ समाचारदाता (दमौली)

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सत्ता र शक्तिमा रहेकाहरूले संवैधानिक निकायलाई आफु अनुकुल बनाउने होड्बाजी चल्दा मुलुक यो अवस्थामा आइपुगेको बताएका छन् । सरकारले संसद विघटन गरेको विरूद्ध कांग्रेसका विभिन्न शुभेच्छुक संस्थाहरूले शनिबार दमौलीमा आयोजना गरेको विरोध सभालाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले संसद विघटन हुनुको मुख्य कारण अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आफु अनुकुलको व्यक्ति नियुक्तिको विषय भएको दाबी गरेका छन् ।




नेता पौडेलले भने, 'आफु अनुकुलका व्यक्तिलाई संवैधानिक आयोगमा नियुक्त गर्नका लागि प्रधानमन्त्रीले संविधानको मुल भावना, लोकतन्त्रको मुलमर्म माथि प्रहार गरी अध्यादेश ल्याएको र उक्त अध्यादेशले नेपालको संविधानको मर्ममाथि प्रहार भयो।'

'हामी जस्तालाई त्यो अख्तियारमा कस्ले नियुक्ति पायो भन्ने कुराले केही फरक पार्दैन', नेता पौडेलले भने, 'यहाँ ठूलाठूला भ्रष्टाचार गर्नेहरूका लागि यो अख्तियारको विषय सबै भन्दा चासोको विषय बनेको छ । यो षड्यान्त्र अख्तियारकै लागि भएको हो, भ्रष्टाचार गर्ने अनि त्यसलाई दबाएर, लुकाएर राख्नका लागि ठूलो अपराध गरिएको छ ।'

वरिष्ठ नेता पौडेलले देशमा स्थायित्व र समृद्धि आवश्यक रहेको बताउँदै नेपाली कांग्रेसले मात्रै देश विकास गर्नसक्ने दाबी गर्दै नयाँ राजनीतिक ध्रुवीकरणले कांग्रेसलाई सो अवसर प्राप्त भएको चर्चा गरे ।

'कांग्रेसले हैसियत, उत्तरदायित्व बुझेर अगाडि बढ्नुपर्छ, अहिले प्राप्त भएको अवसरलाई सदुपयोग गर्नुपर्छ', नेता पौडेलले भने, 'संसद पुन:स्थापना भएपनि नभएपनि कांग्रेसकै तालुमा आलु फल्ने अवस्था छ, यस तर्फ सबै सचेत बनौ ।'

यस्तै, नेता पौडेलले कांग्रेसले बिगतमा गरेका गल्ति कम्जोरी समिक्षा गरी हामी भित्र लागेको धुलो टकटकाएर जनतालाई आफ्नो कुरा प्रष्ट राख्नु सक्नुपर्ने बताएका छन् । नेपाली कांग्रेसको इतिहास, सिद्धान्त, नेता हेर्दा ९० प्रतिशत जनताको भोट पाउनु पर्थ्यो तर, अहिले ३० प्रतिशतमा खुम्चिनुपरेको अवस्था किन आयो भनि गम्भिर रूपमा समिक्षा गरी अगाडि बढ्नुपर्ने नेता पौडेलले बताएका छन् ।

वरिष्ठ नेता पौडेलले जनताको समस्या समाधान गर्ने गरी कांग्रेस अघि बढ्नुपर्ने बताउँदै पार्टीभित्र एक पक्ष कमजोर अर्को पक्ष बलियो हुन्छु भन्ने सोचाई राख्नु गलत भएको बताउँदै कम्युनिष्ट फुटेकमा खुशी नहुन आग्रह गरे ।

# राज्यशक्तिको आडमा दिइने धम्कीबाट हामी डराउँदैनौ : पूर्वमन्त्री पुन

♦भञ्ज्याङ समाचारदाता (दमौली)

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री वर्षमान पुनले राज्यशक्तिको आडमा दिइने धम्कीबाट नडारउने बताएका छन् । तनहुँको दमौलीमा दाहाल–नेपाल समुहले शनिबार आयोजना गरेको जनवर्गीय संगठनका अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री पुनले उक्त कुरा बताएका हुन् ।




राज्यशक्ति दोहन गरेर प्रधानमन्त्री केपी ओलीले कार्यकर्ता पोस्ने काम गरिरहेको आरोप लगाउँदै पूर्वमन्त्री पुनले आफै निर्वाचन घोषणा गरेर कानून उल्लंघन गर्दै धमाधम नियुक्ति बाँड्दै आएका र आफ्ना विरोधीलाई धम्की दिएर तर्साउने काम बन्द गर्न चेतावनी दिएका छन् ।

पूर्वमन्त्री पनुले प्रधानमन्त्री केपी ओलीलाई संसद विघटनको कुनै अधिकार नभएको भन्दै 'मकैको गोठालो बाँदरलाई बनाउँदा आजको स्थिति पैदा भएको र त्यसले हामीलाई लज्जित बनाएको समेत बताए । उनले बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धी खोसिन नहुने बताए । पूर्वमन्त्री पुनले लोकतन्त्र र संविधानको रक्षा गर्नु अहिलेको मुख्य चुनौती भएको समेत बताएका छन् ।

पाँच वर्षका लागि जनादेश प्राप्त पार्टी सडकमा आउला भनेर कसैले नसोचेको चर्चा गर्दै पूर्वमन्त्री पुनले राजनीति विचार र सिद्धान्तका आधारमा सञ्चालन गर्नुपर्ने बताए । पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली काम गर्न नसकेको भए पार्टीभित्रै छलफल गरी समस्याको समाधान गर्नुपर्नेमा त्यसो नगरी संसद विघटन गरेर गलत कदम चालेको आरोप लगाए ।

प्रधानमन्त्रीको यो कार्यबाट पार्टीले पाँच वर्षका लागि प्राप्त गरेको मतको अपमान भएको बताउँदै पूर्वमन्त्री पुनले फरक मतलाई समेत सम्मान गरेर अगाडि बढ्नुपर्ने आवश्यकतालाई जोड दिए ।

यस्तै, कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य रामकुमारी झाक्रीले पार्टीका कार्यकर्ता सदैव सत्यको पक्षमा उभिनुपर्ने बताएकी छन् । कोपी ओली गलि सकेका र अब ढल्न मात्र बाँकी रहेको चर्चा गर्दै उनले उल्टो बाटो हिडेर प्रधानमन्त्री ओलीले पूर्व राजा ज्ञानेन्द्र पथ पछ्याएको आरोप लगाएकी छन्।

नेता झाँक्रीले भनिन्, 'आज देशैभर विरोधका कार्यक्रम भएका छन्, जनता जाग्नेछन्, दुनीयाका सबै तानाशाही जसरी गर्ल्यामगुर्लुम ढले, एउटा निमसरो व्यक्ति आफुलाई कागजी तानाशाहा प्रस्तुत गरी हाम्रा अधिकारहरू, संविधानलाई च्यातचुत गर्ने जुन

बाँकी तेश्रो पेजमा




# नेपाल धर्मसंस्कृति र पहिचानले भरिपूर्ण देश : नेता भण्डारी

♦भञ्ज्याङ समाचारदाता (दुलेगौंडा)

नेपाली काँग्रेसका केन्द्रीय सदस्य शंकर भण्डारीले नेपाल सनातन धर्मसंस्कृति र पहिचानले भरिपूर्ण देश भएको बताएका छन्। तीनखोलेदेवी पुजा व्यवस्थापन तथा विकास समितिको शनिबार आयोजित नवौ बार्षिक साधारण सभा तथा चौथो अधिवेशनलाई सम्बोधन गर्दै नासाका वैज्ञानिकले वेद पढेर नयाँ नयाँ खोज अनुसन्धान गरिरहेको तथ्य रहेको भएपनि नेपालमा पछिल्लो राजनीतिले सनातन धर्म संस्कृतिलाई महत्व नदिएको गुनासो गरे ।



'नेपाल सनातन धर्म संस्कृतिले भरिपूर्ण देश हो, तर यहाँ हाम्रो राजनीतिले सनातन धर्मलाई महत्व दिएको छैन, यसै कारण नयाँपिढीहरूले सनातन धर्म संस्कृतिबारे जान्नेबुझ्ने वातावरण छैन', उनले भने, 'विश्व तथ्यांकमा ३० करोड बौद्धिष्ट र १० करोड हिन्दुहरू हरेक बर्ष भ्रमणमा निस्कने गरेको छन्, ती पर्यटकहरूलाई हाम्रो तीनखोले देवी, ढोरबाराही, छाब्दीबाराही लगायत प्रसिद्ध धार्मिक स्थलमा ल्याउन सक्नु पर्दछ ।'

भाषणले देश नबन्ने भन्दै नेता भण्डारीले काम गरेर देखाउनु पर्नेमा जोड दिए । हाम्रो नियती के हो, देशमा यति धेरै सम्भावना छ, हामीमा न लाज भयो, न सरम रह्यो, जे कुरामा पनि जनता भनेछ, जनताले केही नपाएको बताए ।

फरक प्रसंगमा नेता भण्डारीले भने, 'अहिले देश इतिहासमै सबैभन्दा ठुलो संकटमा रहेको टिप्पणी गरे । उनले भने २०६२/६३ को परिवर्तनपछि २०७२ सालमा संविधान जारी भएपछि अब देशमा राजनीतिक आन्दोलन गर्न पर्दैन, फेरि सडकमा राजनीतिक विषय लिएर आउनुपर्ने छैन, भनेर यी नै नेताले बोल्या होइन, लेख्या होइन, तर आज के भो, मेरो बुझाईमा अहिले देश इतिहासमै सबैभन्दा ठुलो राजनीतिक संकटमा छ, सारा नेपालीको भविष्य अन्धकार छ ।'

'देशलाई अब कसरी जोगाउने, कसरी सम्हाल्ने, नेताहरूबीचको

बाँकी अन्तिम पेजमा

ग्रिनरी भानु सप्लायर्स




एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक विक्रेता
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
सम्पर्क: ०६५-५६२६८७, ९८५६०६०३४७

सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला

# कतै तपाई सामाजिक सञ्जालको 'एडिक्सन'मा त पर्नु भएको छैन ?

♦ अच्युत शाली घिमिरे

यो ब्लग लेख्न, मेरा लागि समेत निकै कठिन छ । भन्नुको तात्पर्य म पनि यो 'एडिक्सन'बाट मुक्त भने छैन । ब्लग लेख्दालेख्दै पनि निरन्तर अपडेट हुने नाममा म अहिले पनि सर्वोच्चको संवैधानिक इजलासका मुद्दा नियालिरहेको छु। संसद हठात् विघटन गरिएपछिका परिदृश्यहरु आजकल सामाजिक सञ्जालमा खुराक बनेर आएका छन्। यस्तैमा भुल्दाभुल्दै समय गएको पत्तो पाइँदैन । किन होला मरिहत्ते भएर फेसबुक, इन्स्टा र ट्वीटरको लतमा फस्नु परेको हामीलाई ? गम्भीर आत्मसमीक्षा गरिबस्छु। तर पनि अहँ भेटाउन उत्तर । बिहानबिहानै न्युज चेक गर्नैपर्छ। लाइक, कमेन्ट र सेयरको चक्करमा भुल्नैपर्छ। साँच्चै हाम्रो दिमाग केही न केही कुराले भरिनै राखेको हुन्छ। केही खाली हुनासाथ मोबाइल स्क्रोल गर्दै भरिन खाली रहेको ठाउँ पनि भरिदिन्छौं।

हाम्रो सामाजिक सञ्जालको बढ्ता प्रयोग कसैको पैसा कमाउने भाँडो भइरहेको छ भन्ने जान्दाजान्दै हामी अर्थहीन स्ट्याटसमा आफ्ना भावना र विचार पोखिरहेका हुन्छौं । जिन्दगीमा धेरै कुरा सिक्न र सिकाउन बाँकी छ तर हामी नजानिँदो तरिकाले हामी यो लतमा फसिरहेका छौं। कसैको क्रियाहरुमा प्रतिक्रिया जनाउँदैमा हामीलाई फुर्सद कहाँ छ र? सूचना र समाचारको हकमा हामी अचेल आफैं हराइसकेका छौं । यी हकभन्दा बढी 'एडिक्सन' भइसके । नमेटिने 'एडिक्सन' एउटा अफिमकोजस्तै ।

हामी आजकल आफूलाई र आफ्नै वरपरको परिवारलाई भुलेर दुनियाँको बारेमा चिन्ता र चिन्तन गर्ने भइसक्यौं। जुन चिन्ता र चिन्तनले फेरि तात्विक फरक केही पार्दैन । न समाज परिवर्तन हुन्छ, न शासकको बुद्धि नै फेरिन्छ। मात्र हाम्रो बहुमूल्य समयको नष्ट । आजकल सामाजिक सञ्जालमा नै च्याट हुन्छ, भिडिओ कलमार्फत् गफगाफ हुन्छ लभ पर्छ अनि टुट्छ पनि। हामी जहाँबाट सुरु गर्छौं अन्त्यमा त्यही पुग्छौं आखिर। हाम्रो जिन्दगीको ग्राफमा केही उकालो लाग्दैन मात्र समयको नष्ट हुन्छ। कति धेरै अर्थपूर्ण कुराहरु छन् जिन्दगीमा तर हामी अनर्थ चिजहरुलाई अर्थपूर्ण बनाउन सामाजिक सञ्जालमा विज्ञापन गर्छौं।

लाइकको वर्षा होस् भन्ने चाहन्छौं र उत्तिकै राम्रो प्रतिभामा लाइक आएन भने आफ्नो योग्यतामा नै प्रश्न चिन्ह खडा गर्छौं । कति गम्भीर धर्मसंकटमा बाँचिरहेछौं हामी । हाम्रो विश्वासहरुलाई, किम्ति इमोसनहरुलाई कसैले लाइक र कमेन्टको भरमा अवमूल्यन गर्न सक्छ । कति क्षणिकतामा बाँचिरहेछौं हामी, कि हाम्रो अभिव्यक्तिलाई भाइरल पार्न पनि कसैले सेयर गर्दिनपर्छ । किन हुनुपर्छ भाइरल? कसले कसलाई चिनेर के हुन्छ ? के भुँइमान्छेको जिन्दगी, जिन्दगी होइन र? के सेलिब्रेटी भएर चाहिँ एक छाक खाएर पुग्छ र ? के मिलियन भ्युज बटुलेर हामी दुई सय वर्ष बाँच्न सक्छौं र? एकैछिन नेटको कनेक्सन टुट्यो भने मान्छे सास रोकिएभैं गरेर छट्पटिन्छ। यो दयालाग्दो कुरा भएन र? हामी आफ्नो बुवाआमाको दुखाइमा त्यतिकै सिरियस भएर कतिपटक छट्पटिएका छौं ? हँ! के हुन्छ एकदिन फेसबुक नचलाएर ? पृथ्वी उल्टो घुम्छ कि? सूर्य पश्चिमबाट उदाउँछ कि? वा आज नेपालमा सुतेको मान्छे भोलि अमेरिकामा ब्युँझन्छ ? केही पनि हुँदैन । बस् एउटा भ्रमको निराकरण हुन्छ। त्यो भनेको सामाजिक सञ्जालमा जीवनका भावहरु केही पनि छैनन्।



हामी एकदम जिज्ञासु छौं होला। तर जिज्ञासु हुनुको मतलब 'एडिक्टेड' हुनु होइन। सारभूत कुरा विहीनहरुसँग एकपछि अर्को लहरोझैं फेसबुकको लम्बाइमा गाँसिँदै गइयो भने निस्सारबाहेक केही भेट्दैनौं । स–साना उमेरका बालबच्चाहरु पनि सामाजिक सञ्जालमा नराम्ररी फसेका छन् । न उनीहरुलाई तालतलैया,घुम्ती, देउराली चौतारी थाहा छ, न पहाड न उकाली । युट्युबमा भिडिओ नहेरी खाना खान नमान्ने सुत्न नमान्ने। यो संस्कार र 'एडिक्सन' ड्र्गभन्दा खतरनाक छैन र? सजिलो हुने बहानामा आमाबुवा नै यसप्रति लचक भइदिन्छन्। यो अवस्था त बेसहारा छोडेजस्तै भएन र ? कहाँ पुग्छ बालबच्चाको भविष्य यसरी ?

हामीले हामी आफैंलाई महशुस गर्न छोडिसक्यौं। एकचोटि सोच्नुहोस् त कति भयो आफ्नो बारेमा सोच्न छोडेको ? मनन र विश्लेषण गर्न छोडेको ? के हामी व्यक्तिगत चाहना र ध्यान नै नराख्ने बडो सामाजिक भएका हौं र ? होइनौं, हामी त रोगी भएका हौं। आफ्नोबाहेक अरु सबै पात्र र प्रवृत्तिमा कमेन्ट गरेर बस्ने फुर्सदिला भएका हौं ।

हामी फेक समाजका अवयवहरुसँग गाँसिएका छौं। यहाँ महान भनिएकाहरुको अविरमालासहितको फोटोमा बधाई लेख्न हतारो छ हामीलाई । अरुको जीवनको उत्सवमा चाहियोस्, नचाहियोस् शुभकामनाको शब्दहरु थुपार्न हतारो छ हामीलाई । हामीले आफ्नो मनलाई कहिल्यै सोधेनौं, के तँ खुसी छस् कि छैनस् ? भनेर । तर अरुको खुसी मापन गर्ने मिटर बोकेर नाप्न तम्तयार छौं हामी । यो लोकप्रिय हुने फ्लप तरिका हो । यो बेकार छ भन्ने लागे पनि हामीलाई कैदीजस्तै बाँधेर राखेको छ फेसबुकले। नहेरी सुखै छैन। नचलाई भोकै लाग्दैन, प्यासै मेट्दैन ।

कयौं अनावश्यक कुराहरुले दिमागले डेरा जमाएर बसेका हुन्छन्। त्यही कुरामा हाम्रो ध्यान तल्लीन हुन्छ। सावधान रहनुभन्दा तत्कालको परिणाममा केन्द्रित हुन्छौं। मेरो स्टोरीमा कति रियाक्ट आयो? कम आयो भने किन धेरै आएन ? यो मनोदशामा जिन्दगीको प्राकृतिक डिजाइन नै परिवर्तन भइसक्यो। दिनचर्यायुक्त फर्मुलाहरु फेल खाइसके। एउटा मोबाइल, चार्जर र वाईफाई भयो भने मान्छेलाई न खाना, न लुगा, न सामिप्यता। केही चाहिँदैन। आखिर यो एडिक्टको अवस्था नभएर के हो त? केही इन्द्रीयबाहेक अरु सबै निष्क्रिय छन्। कोठाभित्रको जिन्दगी भौतिक रुपले त सजिलो नै लाग्ला तर मानसिक र भावनात्मक रुपले टाढिँदै छ ।

खुसी हुन अब हाँसीमजाक होइन यन्त्र चाहिन्छ। जन्मनुको सान्दर्भिकता खोज्न मानिसको सप्राइज शुभकामना युक्त म्यासेज चाहिन्छ। हामी प्रकृतिको साधारण चक्रमा थियौं तर भताभुंग पारिदियौं। यथार्थ त अचेल लोप भइसक्यो। बाटोमा देख्दा फेसबुकमा हेरेको फोटोले मान्छे चिनिँदैन आजकल। ज्ञान त फोकटमा धाक लाउने र लाइक बटुल्ने जाल भइसक्यो । कस्तो हाँसो नै नलाग्ने जोकजस्तो बनायो यो सामाजिक सञ्जालले हाम्रो जिन्दगी ।

हरेक क्लिकले निर्धारण गर्ने भयो को ह्यान्डसम ? को कुरुप ? को उदार ? को अनुदार ? को विद्वान ? भनेर । सधैं अरुकै वाहवाही र निन्दा गरेरै हाम्रो मगजको घडीले ब्याट्री सिध्याउने भो। तर अहँ हामीलाई अझ फेसबुकमा पोस्ट गरेर स्मार्ट हुने 'भोक'ले छोडेको छैन। कसरी ? खै! कसरी ?

हामी सामाजिक भएको नाटक गर्न अहोरात्र फेसबुकमा अनलाइन हुन्छौं। त्यतिमात्र होइन उत्तेजक हुन्छौं, प्रधानमन्त्री भए त देश नै बदल्ने मनमनै अठोट पनि गर्छौं। किन हो कुन्नि ? हामीलाई एउटै कुरामा अडिग रहन मन पर्दैन। भेराइटी र च्वाइसहरुमा जुठो सार्दै हिँड्न खोज्छौं। अनि छेपारोले जस्तै रङ फेर्छौं।

पटक–पटक नजितिने वाकयुद्धमा औंलाहरुलाई कष्ट दिएरै बलजफ्ती कमेन्ट थोपर्छौं । हामी सीमित फेसबुकका घेराहरुमा असीमित चाहनाहरुको पुञ्ज थुपार्छौं । अनि असीमित आफूभित्रको स्वर्णिम आकाशमा गुम्सिएर, कुच्चिएर बस्छौं। खै!किन देखाउनु छ अरुलाई ? किन तीतो ओकल्नु छ अरुलाई ? हामी अपवादहरुमा समेत 'नाङ्गो' भइदिन्छौं । सबै कुराहरु सामाजिक सञ्जालमा छरपस्ट पारेर के को सन्तुष्टि ? र के को स्वीकारोक्ति हो कुन्नि ? सम्झेरै हाँसो लाग्छ। स्पष्टीकरण पनि कसैले केही नसोधीकनै दिन थाल्छन् महात्माहरु। उर्फ! सकिँदैन भो ।

साँच्चै जिन्दगीको ग्रामर जति नै बिग्रे पनि हामी हजारौंको फलोअरहरु बटुल्न सक्दा कति खुसी हुन्छौं होला है ? तर कहिले हामीले सोचेका छौं कि हामीले आफ्नो कार्यस्थलमा गरेका कति कामहरुलाई प्रेरणा मानेर कति चाहिँ साँच्चैका फलोअर बढे होलान् ?

हामीले आफ्नो जीवनमा डिलिट गर्न नमिल्ने गल्तीहरु गर्दा हामी आफैंले र अले पनि कति कुरा चाहिँ सिक्ने मौका पाए होलान् ?

सामाजिक सञ्जालमा फ्रेण्डको लिस्ट घट्दैमा हाम्रो आयु घट्छ र ? हाम्रो अठोट घट्छ र ? बेकारको लफडा किन? सयौं गुणा राम्रो हुन सकिने अवसरबाट बन्चित हुने किन ? यो प्रश्न सबैलाई हो र म आफैंलाई पनि हो । किनकि अदृश्य यो घनचक्करमा हामी अलपत्र परिसकेका छौं। यसबाट थोरै भए पनि मुक्त हुनसक्छौं। फेसबुकको कृपाले बारम्बार हामी अग्लिने र थेच्चिने गर्नै पर्दैन। आफू नै न्यायाधीश भएर आफैंलाई कठघरामा उभ्याएर के हामी वकालत गर्न सक्दैनौं कि हाम्रो गज्जबको जिन्दगी सामाजिक सञ्जालभन्दा बाहिर पनि बाँकी नै छ भनेर । आज साँझ वाईफाई बन्द गरेर जिन्दगीको त्यो पाटोसँग पनि भलाकुसारी गर्ने अवसर जुटाउने कि सबैले? भोलिदेखि त यो अवसरको मीठो आदत बन्दै पनि जानेछ । सा. सेतोपाटी डटकम

# छात्रावासमा बस्नका लागि पाँच सयको आवेदन

♦ रासस (दमौली)

समुदायबाट सञ्चालित तनहुँको ब्यास नगरपालिका–१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको छात्रावासमा बस्न पाँच सय विद्यार्थीले आवेदन दिएका छन्। ३० जनाको मात्रै क्षमता रहेको छात्रावासमा आवासीय सुविधाका लागि पाँच सय विद्यार्थीको आवेदन परेको क्याम्पसले जनाएको छ। आवेदन दिनेमध्ये २५२ विद्यार्थी अभिभावकविहीन रहेको क्याम्पसप्रमुख महाप्रसाद हड्खलेले जानकारी दिनुभयो । "३० जनाको क्षमता हो, ५०० जनाको आवेदन परेको छ," उहाँले भन्नुभयो, "कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता थपिएको छ ।" विसं २०५८ मा शुरू भएर विसं २०७५ मंसिरमा छात्रावास निर्माण सम्पन्न भएको थियो । सरकारी तवरबाट कुनै सहयोग नरहेको क्याम्पसमा प्राध्यापकको तलबमा मात्रै रू ३५ लाख खर्च हुने गरेको छ । चन्दा, दान र विद्यार्थीको शुल्कबाट प्राध्यापकलाई तलब खुवाउँदै आइएको छ । "गरिब तथा ग्रामीण भेगका विद्यार्थी अध्ययन गर्ने भएकाले निकै कम शुल्क मात्रै लिने गरेका छौ," क्याम्पस प्रमुख हड्खलेले भन्नुभयो ।

उहाँका अनुसार क्याम्पसको शिक्षाको गुणस्तरका कारण यस वर्ष क्याम्पसमा पाँच सय विद्यार्थी थपिएका छन् । हाल क्याम्पसमा दुई हजार पाँच सय विद्यार्थी अध्ययनरत छन् । त्यसमध्ये ९० प्रतिशत विद्यार्थी ग्रामीण भेगका छन् भने १८ प्रतिशत विद्यार्थी दलित र ७० प्रतिशत विद्यार्थी विपन्न वर्गका छन् । क्याम्पसमा अध्ययनरत ८० प्रतिशत विद्यार्थी छात्रा छन् । क्याम्पसले भर्नाको क्रममा दलित विद्यार्थीलाई विशेष प्राथमिकता दिने गरेको छ । "गरिब तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्तिसमेत प्रदान गर्दै आएको छ", प्रमुख हड्खलेले भन्नुभयो, "सरकारी क्षेत्रबाट क्याम्पसको लागि ठूलो सहयोग छैन । समुदायकै व्यक्तिको प्रयासले क्याम्पस यो अवस्थासम्म आइपुगेको छ ।"

क्याम्पसमा बिबिए र बिआइसिटीको अध्ययन शुरू भइसकेको छ भने बिएस्सीको तयारी गरिएको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस क्याम्पसले शैक्षिक गुणस्तर मापन (क्युएए) को मान्यता प्राप्त गरिसकेको छ । विसं २०४३ मा आदिकवि भानुभक्त क्याम्पस स्थापना भएको थियो । जुन बेला यस ठाउँमा निर्मल माध्यमिक विद्यालय मात्रै थियो । आफ्नै ठाउँमा क्याम्पस नहुँदा अन्यत्र गएर उच्च शिक्षा अध्ययन गर्नुपर्ने बाध्यता भएपछि स्थानीयवासीले क्याम्पस स्थापना गरेका थिए। क्याम्पस सञ्चालनको शुरूआतमा भवन नहुँदा लायन्स क्लबको ५० हजार अमेरिकी डलरको सहयोगमा भवन निर्माण गरिएको थियो । क्याम्पसमा लायन्स क्लबकै एक लाख डलरको सहयोगमा विज्ञान प्रयोगशाला भवनको निर्माण अन्तिम चरणमा पुगिसकेको छ ।




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

जिल्ला प्रशासन कार्यालय - ५६०१३३
जिल्ला समन्वय समिति - ५६०१७४
जिल्ला प्रहरी कार्यालय -५६०१९९/१००
व्यास नगरपालिका, दमौली - ५६०२३३
नेपाल रेडक्रस सोसाइटी - ५६०१६९
दमौली अस्पताल, दमौली - ५६०२०३
रत्नहरी मे. अस्पताल, दमौली, - ५६०१०२
नेशनल एपोलो हस्पिटल - ५६१८११
एपोलो एम्बुलेन्स ९८४६४३५६११
लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७
जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५
व्यास नगर हस्पिटल : ५६१८१२
एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६
थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४
एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२,
आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४
नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६
नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२
एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१००
टिकट काउण्टर (माइक्रो), ५६०९०६
नेपाली कांग्रेस तनहुँ - ५६०३७५
नेकपा तनहुँ - ५६०१३४
आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६
भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४०

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आँटले काम लिँदा फाइदै हुनेछ। आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ । निम्तो आए पनि आतिथ्य खर्चिलो बन्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
व्यापारमा सामान्य फाइदा हुनेछ। घरायसी काममा अलमल बढ्न सक्छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
प्रतिस्पर्धाको समय छ । परिस्थितिले साथ दिनेछ र प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । मिहिनेत गर्दा नयाँ काम प्रारम्भ हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला । अरुको विश्वास गर्दा धोका हुन सक्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
अरुका लागि बुद्धि खर्चनुपर्ला। समयको गतिलाई पछ्याउन नसक्दा पछि परिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अरुको मुख ताक्ने बानीले पछि परिनेछ । शुभचिन्तकहरुको भावना बुझेर अघि बढ्नुहोला ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
समयको मागअनुसार चल्न नसक्दा पछि परिनेछ । अपराह्नदेखि सामाजिक कामको जिम्मेवारी आउला

# पर्वतीय संग्रहालयलाई थप व्यवस्थित बनाउन आग्रह

♦ रासस (गण्डकी)

हिमाली संस्कृति एवं प्रकृतिको अध्ययन गर्ने थलोका रूपमा आकर्षक गन्तव्य वन्दै गएको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयलाई थप व्यवस्थित बनाउँदै स्वदेशी एवं विदेशी पर्यटकको पुग्नै पर्ने गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा एक कार्यक्रमका सहभागिताले जोड दिएका छन् । नेपाल पर्वतारोहण संघद्वारा पोखरा महानगरपालिका–१७ रातोपैह्रामा सञ्चालित पर्वतीय संग्रहालयको १८ औँ वार्षिकोत्सव समारोहका अवसरमा वक्ताले पर्वतीय पर्यटनका विविध पक्षलाई एकै स्थानमा अवलोकन गर्ने थलोका रूपमा संग्रहालयको प्रवर्द्धन एवं विकास गर्नुपर्ने बताए । गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले प्रदेशको समृद्धि र विकासको प्रमुख आधारका रूपमा पर्यटनलाई लिइएको बताउँदै पोखराको घुम्नै पर्ने पर्यटकीय स्थलका रूपमा संग्रहालयलाई अघि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पर्यटन क्षेत्रको समग्र विकासका लागि आवश्यक कानून निर्माणको तयारीमा प्रदेश सरकार लागि रहेको उल्लेख गर्दै उहाँले निजी तथा सरकारी सबै पर्यटन सम्बद्ध सङ्घसंस्थाको क्रियाशीलता आवश्यक हुने बताउनुभयो । पर्यटनको मुख्य आधारको रूपमा रहेका हिमाल र पदमार्गको संरक्षण गर्नुको विकल्प नभएको बताउँदै उहाँले यस्ता प्राकृतिक सम्पदालाई व्यवस्थित गर्दै विश्वसामु पुऱ्याउन सवै क्षत्रको साथ र सहयोगको



आवश्यकता रहने धारणा राख्नुभयो। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा महेश्वर ढकालले प्रदेशको गहनाका रूपमा रहेको सङ्ग्रहालयलाई विद्यार्थीको अध्ययन अवलोकनको थलोको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले पर्यटनको मुख्य आधारको रूपमा रहेको विद्यमान पदयात्रालाई बचाउँदै नयाँ गन्तव्यको खोजीसँगै आवश्यक पूर्वाधार विकास गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय प्रमुख काशीराज भण्डारीले हिमाल विश्व समुदायको सम्पत्ति भएको उल्लेख गर्दै हिमाल र पदमार्गको प्रवर्द्धन गर्दै कोभिडको कारण सुस्ताएको पर्यटनलाई चलायमान बनाउन कार्यालयले आवश्यक पहल गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रमा सगरमाथ मापन टोलीका प्रमुख एवं नापी कार्यालय कास्कीका प्रमुख खिमलाल गौतमले विश्वका आठ हजारभन्दा बढी उचाई रहेको १४ हिमालमध्ये आठ वटा नेपालमा रहेको बताउँदै यसलाई पर्यटन प्रवर्द्धनसँग जोड्नु पर्ने आवश्यकता औँल्याउनुभयो । नेपाल पर्वतारोहण सङ्घका केन्द्रीय अध्यक्षा सन्तविर लामाले नेपाल सरकारले संघलाई नेपालका २७ वटा हिमालको रोयल्टी सङ्कलन गर्ने जिम्मेवारी दिएको बताउँदै त्यसबाट आएको रकममध्ये प्रदेश सरकार र सम्बन्धी गाउँपालिकालाई २५/२५ प्रतिशत र माउण्टेन कोषमा पाँच प्रतिशत प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

**धम्पुस हिमालका आरोहीलाई सम्मान**

कार्यक्रममा नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशद्धारा हिमाली क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका आयोजित धम्पुस हिमालका आरोहीलाई सम्मान गरियो । पुन २७ देखि माघ ५ गतेसम्म आयोजना गरिएको ६१२ मिटर उचाइको सो हिमाल आरोहणमा सहभागी १० मध्ये छ जनाले सफल आरोहण गर्नुभएको थियो । सफल आरोहीमा टासी पासाङ गुरूङ, हीराकुमारी मल्ल, मन गुरूङ, सनकुमारी जग्जाली, देपेसबाबु सुवेदी र सुदीप गौतम रहनुभएको पर्वतीय संग्रहालय सञ्चालक समितिका सदस्य जीवन सापकोटाले जानकारी दिनुभयो । विश्व अल्ट्रा म्याराथुन धावक मीरा राईलाई अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको सद्भावना दूत, हरिप्रसाद बास्तोला संयोजक तथा जयन्ती श्रेष्ठ र निर्मलकुमारी न्यौपाने रहनुभएको प्रचारप्रसार समिति चयन गरिएको सङ्घका महासचिव कुलबहादुर गुरूङले बताउनुभयो ।

# वुहानको समुद्री खानामा कोभिड-१९ फैलिएको थियो

♦ रासस/सिन्ह्वा (मस्को)

वुहानको सामुद्रिक खाना राखिएको बजारमा कोभिड–१९ को सङ्क्रमण फैलिएको अनुमान गरिएको विश्व स्वास्थ्य संगठनले जनाएको छ। विश्व स्वास्थ्य संगठनका विशेषज्ञ अधिकारीहरूले चीनको वुहानमा पुगेर गरेको अनुसन्धानबाट यो देखिएको उनीहरूले जनाएका छन् ।

कोभिड भने अन्यत्र कतै उत्पत्ति भएको तर त्यही सामुद्रिक खाना तथा तरकारीहरूको बजारबाट यो विस्तार भएको अुनमान गरिएको विश्व स्वास्थ्य संगठनका अधिकारीहरूले दिएको प्राप्त समाचारमा जनाइएको छ । चीनको वुहानमा यो संक्रमण फैलिएको देखिएको हो । त्यस विषयमा अनुसन्धान गर्न विश्व स्वास्थ्य सङ्गठनले पहिल्यैदेखि चीन जान खोजेकामा चीन सरकारले दिएको थिएन ।

हालै उनीहरूले सो क्षेत्रमा पुगेर अनुसन्धान गरेका थिए । त्यस क्रममा गरिएको अनुसन्धानबाट कोभिड यहाँको सामुद्रिक खानाहरूको बजारबाट विस्तार भएको पाइएको बताएका छन् । तर पनि यो सङ्क्रमण भने अन्यत्र कतै देखिएको ती विज्ञहरूले बताएका छन्। उनीहरूले कोभिड–१९ को भाइरस कहाँबाट उत्पत्ति भएको हो भन्ने बारेमा अनुसन्धान गरिरहेको बताएका छन् । विश्व स्वास्थ्य सङ्गठनको टिमले वुहान सहरमा रहेको वुहान इन्स्टिच्युट अफ भाइरोलोजीको अध्ययन गरेका थिए र उनीहरूले सो संस्थाको ल्याबको पनि अनुसन्धान गरेका थिए ।

# राज्यशक्तिको आडमा ..........

हिसाबले प्रस्तुत हुनुभयो आज लज्जाबोध हुन्छ, उहाँ हाम्रो पार्टीको नेता हुनुहुन्थ्यो भन्नेर ।'

उक्त कार्यक्रममा केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमान, केन्द्रीय सदस्य एवं पूर्वमन्त्री आशा कोइराला, केन्द्रीय सदस्य प्रतापलाल श्रेष्ठ लगायतले कम्युनिष्ट पार्टी अझैपनि एकढिक्का भएर अगाडि बढ्नुपर्ने र त्यसको विकल्प भनेको संसद पुनःस्थापना भएको बताए । उनिहरूले संसद पुनःस्थापनाको विरोध सबै दलबीच संयुक्त आन्दोलनको खाँचो रहेको समेत औल्याएका छन् ।

## नक्शापासको लागि सधियाराको नाउँमा जारी गरिएको सूचना

गण्डकी अञ्चल तनहुँ जिल्ला व्यास नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माण कार्यको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ९ दफा १५३ (क) अनुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र जग्गामा हक पुग्ने आवश्यक सवुद प्रमाण सहित आफ्नो दावी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कनै कारवाही हुनेछैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | रविन्द्र तिवारी व्यास–१ | साविक–क ६/झ कि.नं.–२७१६ क्षे.०–२–१–१ | २०७७/१०/१९ | RCC | उ. भक्त श्रेष्ठ २७२७, उ. झमक श्रेष्ठ २७२५ |

## मालपोत कार्यालय, तनहुँको हकदावी सम्बन्धी सूचना

तनहुँ जिल्ला साविक छाङ ३ हालको म्याग्दे गाउँपालिका ४ बस्ने सुपारे कुमाल (बसन्त बहादुर कुमाल) को मिति २०६४/०२/२४ मा मृत्यु भएको र निजको शेषपछिको जीवित हकवाला छोरा नाताको म बीर बहादुर कुमाल मात्र भएकोले मृतकका नाममा रहेको तपशिल बमोजिमका जग्गा/घरजग्गा मेरो नाममा एकलौटी नामसारी गरीपाउँ भनि तनहुँ जिल्ला साविक छाङ ३ हालको म्याग्दे गाउँपालिका ४ बस्ने बीर बहादुर कुमालले यस कार्यालयमा निवेदन दिनुभएको हुँदा, माग बमोमिज नामसारी गरिदिन नहुने भए वा अन्य कोही हकवाला भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र प्रमाण सहित यस कार्यालयमा हकदावि गर्न आउनुहोला । अन्यथा नियमानुसार नामसारी भई जानेछ ।

**तपशिल**

| गा.पा/न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध.को नाम |
|---|---|---|---|---|
| छाङ | ३/ख | २६१ | १–५–१–२ | सुपारे कुमाल |

यसमा मेरा पिता बसन्त बहादुर कुमाल (श्रेस्ता पुर्जामा सुपारे कुमाल) को नाममा श्रेस्ता पुर्जा कायम रहेको उपरोक्त अनुसारको जग्गा निजको मिति २०६४/०२/२४ मा मृत्यु भएको र हक खाने निजकी एकमात्र श्रीमती तथा मेरी आमा कलिमाया कुमालको मिति २०३४/०२/२५ मा नै मृत्यु भएको । निज दम्पतिबाट १ छोरा म बीर बहादुर कुमाल जन्म भएको छोरीहरू सबैको विवाह भैसकेको हुँदा उक्त जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनि बीर बहादुर कुमालले मालपोत कार्यालय तनहुँमा निवेदन दिनुभएको तर दर्तावालको नाम श्रेस्ता पुर्जामा सुपारे कुमाल र निवेदक छोराको ना.प्र. पत्र लगाएका कागजातमा नाम बसन्त बहादुर कुमाल भई नाम फरक परेको हुँदा, जग्गा दर्तावाल सुपारे कुमालको मृत्यु भई हक खाने हकदार को को छन ? श्रेस्तापुर्जामा लेखिएका सुपारे कुमाल र निवेदक छोराको ना.प्र. पत्र लगायतका कागजातमा लेखिएका बसन्त बहादुर कुमाल भन्ने व्यक्ती एउटै व्यक्ती हुन वा फर व्यक्ती हुन ? उक्त जग्गा कसले भोग गरेका छन ? निवेदक बाहेक अन्य कोही हकदार भए वा अन्य कसैको हकदावि पुग्ने भए म्यादभित्र प्रमाण सहित यस कार्यालयमा हकदावि गर्न आउनुहोला, अन्यथा नियमानुसार नामसारी भई जाने व्यहोरा जानकारी गराईएको छ ।

**ईति संवत २०७७ साल माघ २३ गते रोज ६ शुभम् ।**

## म्याग्दे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
म्याग्दे, तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

## व्यक्तिगत घटना दर्ता




**जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तव्य निभाऔं ।**

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याबः–** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :–** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त

## आदिकवि भानुभक्त क्याम्पस

विश्वविद्यालय अनुदान आयोग, नेपालबाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) मान्यता प्राप्त

व्यास–१, विज्ञानचौर, भादगाउँ, तनहुँ । फोन : ०६५–५६००९६

### स्नातक तहमा भर्ना सम्बन्धी सूचना

प्रस्तुत विषयका सम्बन्धमा शैक्षिक सत्र २०७७/०७८ को लागि स्नातक तह प्रथम वर्षमा **मानविकी, व्यवस्थापन र शिक्षा** शास्त्र संकायमा वार्षिक प्रणाली तर्फ (BA, BBS, B.Ed.) प्रथम वर्ष र BBA/BICTE प्रथम सेमेष्टरमा भर्ना भई पढ्न इच्छुक विद्यार्थीहरूले क्याम्पस प्रशासनमा सम्पर्क गरी भर्ना आवेदन फारम भर्नु हुन सम्बन्धित सबै विद्यार्थीहरूमा सूचित गरिन्छ।

**नोट :**

१. **आवेदन फाराम वितरण** : २०७७ माघ १२ गतेदेखि ।
२. BA, BBS, B.Ed **को प्रवेश परीक्षा** : २०७७ माघ २६ गते सोमबार बिहान ८ बजे
३. BBA **को प्रवेश परीक्षा** : २०७७ फागुन १ गते शनिबार बिहान ८ बजे
४. BICTE **को प्रवेश परीक्षा** : २०७७ फागुन २५ गते मंगलबार बिहान ११ बजे ।
५. BBA, BA, BBS/B.Ed **को कक्षा सञ्चालन** : २०७७ फागुन ५ गतेदेखि
६. BICTE **को कक्षा सञ्चालन** : २०७७ चैत्र १ गतेदेखि ।

अन्य विस्तृत जानकारीको लागि क्याम्पसमा सम्पर्क गर्नुहुन अनुरोध छ । फोन : ०६५–५९००९६

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७७ माघ २५, आइतबार
February 07, 2021




**आमा समूहलाई नेतृत्व विकास तालिम** : तनहुँको शुक्लागण्डकी नगरपालिका-२ कोत्रे स्थित शहिद लालध्वज आमा समूहमा आवद्ध सदस्यहरू पाँच दिने उद्घोषण तथा नेतृत्व विकास तालिम लिएपछि सामुहिक तस्विरमा । *तस्विर : राजकुमार आले/भञ्ज्याङ*

# राष्ट्रिय एकता र सहमतिको विकल्प छैन : प्रदेश प्रमुख शेरचन

♦**भञ्ज्याङ समाचारदाता** (दुलेगौंडा)

गण्डकी प्रदेश प्रमुख अमिक शेरचनले देशको विकासका लागि राष्ट्रिय एकता र सहमतिको विकल्प नभएको बताएका छन् । तनहुँको दुलेगौडामा साहित्यकार शेषमणी आचार्यद्वारा लेखिएको 'हामी' कविता संग्रहको शनिबार विमोचन गर्दै शेरचनले राष्ट्रिय एकता भए मात्र समृद्धी नेपालको सपना पुरा हुने बताए ।

सो अवसरमा प्रमुख शेरचनले साहित्यकारहरूलाई देशको राष्ट्रियता जोगाउने गरी कलम चलाउन आग्रह गरे । बर्तमान राजनीतिका बारेमा धेरै बोल्न नमिल्ने अवस्था भएको बताउदै शेरचनले साहित्यको माध्यमबाट बर्तमान राजनीतिको अवस्था चित्रण गरेर जनतालाई बुझाउन आग्रह समेत गरेका थिए ।




उनले देशमा रहेका प्राकृतिक स्रोत र साधन प्रशस्त भएपनि सहिसदुपयोग हुन नसक्दा विदेशी आयातित बस्तुहरूमा निर्भर रहनुपर्ने नेपालीका लागि लज्जाको विषय भएको बताए । शुक्ला साहित्य संगमको आयोजनामा भएको विमोचन कार्यक्रममा सर्जक आचार्य सहित यहाँका साहित्यकारहरू टुकादेवि आचार्य, जनार्दन दाहाल लगायतले कविता संग्रह उत्कृष्ट भएको प्रतिकृया दिएका थिए ।

आयोजक संस्थाको नियमित काब्य श्रृंखलाको १७६औं भाग समेत रहेको उक्त अवसरमा सहभागि भएका गण्डकी प्रदेश भित्रका साहित्यकारहरूले आफ्ना रचनाहरू वाचन गरेका थिए ।

संगमका अध्यक्ष बेणुप्रसाद खतिवडाको अध्यक्षतामा आयोजित कार्यक्रममा खैरेनी माध्यामिक विद्यालयका प्रधानाध्यापक केशवराज घिमिरे, गितल प्रतिष्ठान तनहुँका अध्यक्ष आकाश अधिकारी, गण्डकी वाङ्मय प्रतिष्ठानका अध्यक्ष सागर उदास, साहित्यकारहरू जीवन सागर, ऋषिराम लम्साल, अनुप लामिछाने, कल्पना गैह्रे सुवेदी लगायतका स्रष्टाले आ-आफ्ना सृजना वाचन गरेका थिए ।

# जसपा र नेपाल लोकतान्त्रिक पार्टी बीच समायोजन

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

जनता समाजवादी पार्टी र नेपाल लोकतान्त्रीक पार्टी तनहुँ




विच शुक्रबार पार्टी समायोजन गरिएको छ । जनता समाजवादी पार्टीका नेता शिवलाल थापा, देवेन्द्र थापा, कृष्ण घिमिरे, पान बहादुर घर्ती लगायतले समायोजन कार्यक्रममा पार्टी एकता गर्नुका कारण प्रष्ट्याउँदै आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

एकताबाट ७५ सदस्यीय जिल्ला समिति घोषणा गरिएको छ । जिल्ला अध्यक्ष कृष्ण बहादुर गुरूङको अध्यक्षतामा आयोजित कार्यक्रममा करिब दुई सय भन्दा बढी कार्यकताहरूको सहभागी रहेको बताइएको छ । केही दिन अगाडि शिवलाल थापाको नेतृत्व रहेको लोकतान्त्रिक दल जनता समाजवादीसंग पार्टी एकता भएको थियो ।

# नेपाल धर्मसंस्कृति र पहिचानले ......

गाली गलौज देख्दा दुख लाग्छ', उनले भने, 'हिजो केपी ओली र प्रचण्डले गरेको अंकमाल नाटक मात्र थियो ? स्वार्थ मिल्दा प्रेम र अंगमाल गर्ने तर स्वार्थ नमिलेपछि सकेसम्म र जानेसम्मको शब्दकोषमै नभएको शब्द प्रयोग गरी गालीगलौजमा उत्रने अनि देशलाई भड्खालोमा हाल्ने ?'

कार्यक्रममा शुक्लागण्डकी-६ का वडाध्यक्ष कृष्णबहादुर पौडेलले तीनखोले देवीको विकासमा वडाले पहिलो प्राथमिकता दिएको बताए। उनले मन्दिरको विकासका लागि बाटोदेखि विभिन्न संरचना निमार्णमा लगानी गरेको तर नगर कार्यपालिकाले मन्दिरमा लगानी गर्न चासो नदिएको गुनासो गरे ।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष श्रीराम अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेस तनहुँका कार्यवाहक सभापति जीतप्रकाश आले, विश्व हिन्दु महासंघ शुक्लागण्डकीका अध्यक्ष नारायण घिमिरे, शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघका समुन्द्रराम श्रेष्ठ, शुक्लागण्डकी उद्योग वाणिज्य संघका सुजित हिराचन, खैरेनीटार बजार इकाईका सभापति पुर्ण कायस्थ, समितिका पुरूषोत्तम लामिछाने, सचिव पदमराज बराल लगायतले धर्म र संस्कृतिका विषयमा बोलेका थिए ।

# दुई जनाको मृत्यु, ४ जना घाइते

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँमा शुक्रबार भएका छुट्टाछुट्टै दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन् । पृथ्वीराजमार्ग अन्तरगत तनहुँको व्यास-१२ घाँसीकुवामा मोटरसाईकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। उक्त दुर्घटनामा आमाछोरा घाइते भएका छन् । दुर्घटनामा परी ज्यान गुमाउनेमा धादिङ-८ निवासी २२ वर्षका गोविन्द मगर छन् । डुम्रेबाट दमौली तर्फ आउँदै गरेको ग१४प २५१२ नम्बरको मोटरसाइकल ग१ह ०१ नम्बरको अटोसंग ठक्कर खाई बा४ख ८९९६ नम्बरको बसमा ठोक्किन पुग्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । उक्त दुर्घटनमा परी धादिङ-८ गल्छीबेसी निवासी २० वर्षीया सुनिता तामाङ र उनका छोरा ३ वर्षका आशिष घाइते भएका हुन्। घाइते भएका गोविन्दको उपचारका क्रममा दमौली अस्पतालमा निधन भएको प्रहरीले जनाएको छ । घाइतेको पोखरा स्थित मेट्रो सिटी अस्पतालमा उपचार भइरहेको तनहुँ प्रहरीले जनाएको छ ।

यस्तै, तनहुँको व्यास नगरपालिका-६ साँजास्थित बाकोरे खोलास्थित कच्ची सडकमा एक ट्याक्टर दुर्घटना हुँदा एक बालकको मृत्यु भएको छ । ट्याक्टर सडकबाट झण्डै तीन सय मिटर तल खसेर भएको दुर्घटनामा परी बालकको ज्यान गएको तनहुँ प्रहरीले जनाएको छ । स्थानीय ९ वर्षका सरोज थापाको सोही ट्याक्टरको ढालाले च्यापिएर घट्नास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

साँजाबाट सेखाटार तर्फ जाँदै गरेको ग१त ३०८३ नम्बरको ट्याक्टर अनियन्त्रत भई दुर्घटना हुँदा ट्याक्टर चालक ब्यास नगरपालिका-६ सेखाटार बस्ने बर्ष ४० का बुद्धी श्रेष्ठ र ट्याक्टरमा सवार मृतक सरोजकी आमा वर्ष २७ कि सरस्वती थापा घाईते भएका छन् । दुर्घटनामा परी घाइते भएकाको दमौली अस्पतालमा उपचार भैरहेको प्रहरीले जनाएको छ ।

facebook twitter


**प्रतिमा**
twitter.com/Prateemaluitel
सबै मानिस महान हुनसक्छन् किनकि सबै व्यक्तिले सेवा गर्न सक्छन सेवा गर्नका लागि तपाईसँग कलेजको डिग्री हुनुपर्छ भन्ने छैन, सेवा गर्नका लागि व्याकरणको क्रिया र कर्ता र गणितका सूत्रहरु जान्नैपर्छ भन्ने छैन, आवश्यक पर्छ त सिर्फ दयाले भरिएको मनको आवश्यकता पर्छ, प्रेमले परिपूर्ण हुनपर्छ ।


**मन**
twitter.com/Chanchal_man_
आफु संग भएको ज्ञानको सहि समयमा सहि ठाउंमा सहि तरिकाले सदुपयोग गर्न जान्नुपर्छ । पौडि खेल्न आउंछ भन्दैमा आंधि आएको बेला पौडिन जान्छौ भने तिमि मुर्ख हौ ।


**सौगात**
twitter.com/saugat2075
जिवनमा ठुलो चिज प्राप्त भयो भन्दैमा सानो चिज नभुलौ, किनकि यहाँ सियोको आवश्यकता हुन्छ त्याहा तरबारले काम दिदैन् । त्यासैले सबै चिज र सबै मान्छेको आफ्नो-आफ्नो आवश्यकता र हरेकको एक महत्व रहन्छ केही न केही क्षेत्रमा भन्ने बुझ्नुहोस ।


**प्रकाश पौडेल**
twitter.com/badal_poudel1
मान्छे आफैं कमजोर भएपछि कसैले गरेको प्रशंसा पनि उसलाई व्यँग्य झैं लाग्छ । महोदय जिन्दगीमा हर चिज गर्नुपर्छ । हावामा उडाउन बेलुन हावा नै भर्नु पर्छ।

# आदिकवि भानुभक्तमा अभिभावकहरूको भेला

♦**भञ्ज्याङ समाचारदाता** (दमौली)

तनहुँको दमौली स्थित आदिकवि भानुभक्त क्याम्पसले अभिभावक भेला गरेको छ । क्याम्पसले शुक्रबार कक्षा ११ र १२ मा बिज्ञान बिषय अध्यनरत विद्यार्थीका अभिभावकहरूको भेला गरेको हो । अभिभावक प्राध्यापक संघका अध्यक्ष सृजना तिवारिको अध्यक्षतामा आयोजित उक्त भेलालाई क्याम्पस संचालक समितिका अध्यक्ष ब्रह्मादत्त तिमल्सेना र उपाध्यक्ष बुद्धिमान श्रेष्ठले सम्बोधन गरेका थिए ।



भेलामा क्याम्पस प्रमुख महा प्रसाद हड्खलेले भेलाको उद्देश्यको बारेमा बोल्नु भएको थियो भने सहायक क्याम्पस प्रमुख कल्पना लम्सालले स्वागत गरेकी थिइन्। भेलामा कक्षा ११ को नयाँ पाठ्यक्रम, सो बमोजिमको विद्यार्थी मुल्याङ्कन प्रक्रिया, मासिक परिक्षाको नतिजा, छात्रवृत्ति, विद्यार्थी शुल्क, नियमित अध्यन अध्यापनमा देखिएका गुनासा, सुझाव, बितरण प्रक्रिया र स्नातक तहका विद्यार्थी भर्ना कार्यक्रमको बारेमा छलफल भएको थियो ।

अभिभावकले उक्त भेलामा राखेका जिज्ञासा र गुनासोको कक्षा ११/१२ का कार्यक्रम संयोजक चिरन्जिबी बस्नेत र बिज्ञानका प्राध्यापकहरू सागर न्यौपाने, प्रकाश गैह्रे, रबिन केसी र गणितका प्राध्यापक गोपाल ढुंगानाले सहजिकरण गरेका थिए । भेलामा अभिभावक प्राध्यापक संघका सदस्य क्या .खिल बहादुर थापा, प्रमिला गुरूङ लगायत ११० जना अभिभावक र प्राध्यापक कर्माचारीहरूको उपस्थिति रहेको क्याम्पसले जनाएको छ ।

# गोरखामा भारी हिमपात, जनजीवन प्रभावित

♦ **दिपक श्रेष्ठ** (गोरखा)

उत्तरी गोरखामा गए रातिदेखि वर्षात्सँगै भारी हिमपात भएको छ । जिल्लाको उत्तरी क्षेत्रमा पर्ने लाप्राकदेखि माथि अधिकांश क्षेत्रमा गए रातिदेखि वर्षात् र हिमपात शुरू भएको हो। धार्चे गाउँपालिका-४ स्थित लाप्राकको गुप्सीपाखास्थित एकीकृत नमूनावस्ती हिउँले ढाकिएको छ । सिर्दीबास, चुम्चेत, छेकम्पार, बिही, ल्हो, प्रोक र सामा गाउँलगायत क्षेत्र हिउँले ढाकिएको स्थानीयवासीले बताएका छन् । हिमपातका कारण यहाँको जनजीवन प्रभावित बनेका छन्। वृद्धवृदा र बालबालिकालाई बढी समस्या भएको साम्दोका स्थानीयवासी दोर्जे लामाले जानकारी दिनुभयो । उत्तरी गोरखाको अधिकांश क्षेत्रमा पहिले पनि हिमपात भइरहेको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) का प्रमुख नरेन्द्र लामाले जानकारी दिनुभयो । 'लाप्राकदेखि माथि अधिकांश क्षेत्रमा भारी हिमपात भइरहेको छ', उहाँले भन्नुभयो, 'हिजो अबेरसम्ममा फिलिमपारी रहेको पाङसिङ माथिको डाडाँसम्म हिउँ परेको भन्ने जानकारी आएको छ ।'

हिमपातका कारण उच्च पहाडी भेगका गाउँबस्ती मात्र नभई अग्ला हिमाल, डाँडाकाँडा, वनजङ्गल सेताम्य र मनमोहक देखिएका छन् । मौसममा अझै सुधार नभएकाले फेरी पनि हिमपात हुने सम्भावना देखिएको छ। हिमाली जिल्लामा प्रत्येक वर्ष जलवायु परिवर्तनका असर बढ्न थालेको बताइएको छ । आठ दश वर्षअघिसम्म हिउँदको दुई महिनामै सात-आठ पटक हिउँ पर्ने भए पनि अहिले एक पटक पनि मुस्किलले हिंउ पर्ने गरेको स्थानीयवासीको भनाइ छ ।

**कृषक उत्साहित**

लामो समयपछि परेको हिमपातका कारण उत्तरी गोरखाका कृषक उत्साहित भएका छन् । हिउँले ढपक्क हुनुपर्ने हिउँदकै समयमा वर्षात् र हिमपात नभएर खेतबारीमा लगाएको अन्नबाली सुक्न थालेपछि वर्षभरी कसरी गुजारा गर्ने भनेर कृषक चिन्तित भएका थिए ।

**रोग हट्ने विश्वास**

यसपटक वर्षात्सँगै परेको हिमपातका कारण रोगव्याधि हट्ने विश्वास गरिएको छ । लामोसमय खडेरी पर्दा धुलोका कारण रूघाखोकीका बिरामी बढेकाले यो पटकको वर्षात्ले जमीन भिजेर धुलो हटेको स्थानीवासीको भनाइ छ । तीव्र गतिमा हावा चल्ने गाउँबस्तीमा प्रत्येक दिन धुलो उडेर चारैतिर फैलने गरेरकाले मान्छे बिरामी पर्ने गरे पनि अब बाटाघाटामा धुलो नउड्ने र रोगव्याधि पनि हट्ने उनीहरूको विश्वास छ । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४